# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, वैशाख २७ गते २०४७ साल (अतिरिक्ताङ्क ६

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रीले आफ्नो निजी गुण्टा, झिटी भारीमा आफूसंग ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) मालसामानमा भन्सार महशूल तथा बिक्रीकर सुविधा सम्बन्धमा निम्नबमोजिमको व्यवस्था गरेको छ।

१. झिटी, गुण्टा भारीमा लग्न ल्याउन पाउने सामानहरू:

(१) चलन चल्तीमा ल्याएका लुगाफाटाहरू बर बिछ्यौना कसन, तसन, घर गृहस्थीको पुरानो वस्तुहरू र गैह्र सामान। (तर मोटर, मोटरसाइकल, साइकल यस्तै सवारीका सामानहरू र खरखजानामा महशूल लाग्नेछ)।

(२) चलन चल्तीमा ल्याएको फाउन्टेनपेन एक र डटपेन वा सीसाकलम सहितको सेट।

(३) चलन चल्तीमा ल्याएका घडी।

(४) जुनसुकै पेशामा लागेको व्यक्ति भए पनि सोसम्बन्धी कामका सामान, जस्तैः–

(अ) कर्मीले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएका ज्यावल बढीमा १ सेट।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) डाक्टरको काम गर्ना निमित्त चलन चलतीमा ल्याएको सामान किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञको लागि चलन चलतीमा ल्याएको आवश्यकीय सामानहरू ।

(इ) चलन चलतीमा ल्याएको डाक्टर । वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (बृफकेश टाइप) ।

(ई) गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

(उ) खेलाडीको खेलको सामान ।

(ऊ) माछा मार्ने रड ।

(५) क्यामरा ।

(६) क्यामराको फिल्म प्लेट वा रोल ।

(७) चामल, चिउरा, पिठो, दाल, भटमास आदि खाद्यान्न चार किलोग्रामसम्म । तर भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तिर्थस्थानमा धार्मिक कार्य पूजा आदिका लागि जाने यात्रुका हकमा चामल २० के. जी. सम्म ।

(८) तेल ।

(९) घिउ ।

(१०) चिया ।

(११) सखर, गुड, चाकु र चिनी ।

(१२) सुख्खा फलफूल ।

(१३) ताजा फलफूल ।

(१४) मिठाई, अचारहरू ।

(१५) औषधी ।

(१६) कपडा सबै प्रकारका ।

(१७) सारी ।

(१८) ऊन ।

(१९) जुत्ता ।

(२०) टोप, टोपी, मोजा, पंजा, स्वेटर, तन्ना, रूमाल ।

(२१) शारीरिक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेका सामानहरू ।

(२२) तयारी लुगाहरू ।

(२३) खेलौना ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२४) टोवाको ।

(२५) चुरोट ।

(२६) जर्दा ।

(२७) शरीरमा लगाएको सुन ३ तोला वा चाँदी १५० तोला वा जवाहरात जडान भएको एकसरो गहना गुरिया बढीमा रू. ८,०००।– मल्य सम्मको ।

(२८) मदिरा ।

(२९) हाते लुगा सिउने मेशिन ।

(३०) इस्त्री ।

(३१) क्यालकुलेटर ।

(३२) पोर्टेवल टाइपराइटर ।

(३३) पेराम्बुलेटर ।

(३४) पंखा ।

(३५) हिटर ।

(३६) चमर ।

(३७) फुरूङ्ग ।

(३८) मुगा (शरीरमा लगाएको)

(३९) थर्मस ।

(४०) रेडियो ट्रान्जिष्टर ।

(४१) फ्रिज ।

(४२) भ्याकुम क्लिनर ।

(४३) कुकिङ्ग रेज ।

(४४) वासिङ्ग मेशिन ।

(४५) एयर कण्डिशनर ।

(४६) किचेन इक्विपमेण्ट ।

(४७) क्रकरिज एण्ड कटलरिज ।

(४८) कस्मेटिक्स ।

(४९) मोटर पार्टस् ।

(५०) अन्य घरायसी प्रयोगका सामान्य वस्तुहरू ।

२. भन्सार महशूल तथा बिक्रीकर पूर्ण छूट हुने मालवस्तुहरू:

कुनै यात्रीले आफ्नो घर खर्च एवं व्यक्तिगत प्रयोगको निमित्त ल्याएको दैनिक प्रयोगका देहायबमोजिमको मालवस्तुहरूमा पूर्ण अंशमा भन्सार महशूल तथा बिक्रीकर छूट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) चलन चल्तीमा ल्याएका लुगा फाटा बर बिछ्यौना, कसन, तसन, घर गृहस्थीको पुराना वस्तुहरू ।

(२) चलन चल्तीमा ल्याएको फाउन्टेनपेन १, डटपेन १ र सीसाकलम १ ।

(३) हातमा लगाएको वा प्रयोग गरेको घडी १ ।

(४) जुनसुकै पेशामा लागेका व्यक्ति भए पनि सोसम्बन्धी कामका सामान जस्तैः–

(अ) कर्मीले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएका ज्यावल बढीमा १ सेटसम्म ।

(आ) डाक्टरको काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञको लागि चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरू ।

(इ) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (वृफकेश टाइप) ।

(ई) गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

(उ) खेलाडीको खेलको सामान जोर एक जस्तै राकेट दुई गोटा ।

(ऊ) माछा मार्ने रड १ ।

(५) चलन चल्तीमा ल्याएको क्यामरा १ र सो क्यामराको फिल्म प्लेट वा रोल गोटा ३ ।

(६) चामल, चिउरा, पीठो, दाल, भटमास आदि खाद्यान्न ४ किलोग्राम तर भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तिर्थस्थानमा धार्मिक पूजा आदिमा जाने यात्रुको हकमा २० किलोसम्म ।

(७) तेल ४ किलोग्रामसम्म ।

(८) घिउ ५ किलोग्रामसम्म ।

(९) चिया १ किलोग्रामसम्म, कफि १ किलोग्रामसम्म ।

(१०) सखर, गुड, चाकु र चिनी प्रत्येक जम्मा १ किलोग्रामसम्म ।

(११) सुख्खा फलफूल ४ किलोग्रामसम्म ।

(१२) ताजा फलफूल रू. ५००।– मूल्यसम्म ।

(१३) मिठाई, अचारहरू रू. २००।– मूल्यसम्मको ।

(१४) औषधी बिरामीहरूको लागि ।

(१५) शारीरिक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेका सामान ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) स्वदेश फर्कन नेपाली यात्रीहरूको शरीरमा लगाएको सुनको गहना ३ तोला वा चाँदी १५० तोला वा जवाहरात जडान भएको लगाई ल्याएको गहना गुरियाको रूपमा बढीमा रू. ८,०००।– मूल्यसम्मको।

(१७) मदिरा बोतल १.१५ लिटरसम्मको ।

(१८) चमर एक थान (तिब्बतबाट आउनेको लागि)।

(१९) पेराम्बुलेटर एक र ट्राइसाइकल एक ।

(२०) फुरङ्ग ३ गोटासम्म (तिब्बतबाट आउनेको लागि)।

(२१) थर्मस चलन चल्तीमा ल्याएको गोटा १ एक।

(२२) टोवाको ४ औंससम्म ।

(२३) चुरोट खिल्ली २०० र बिडी खिल्ली ५० सम्म।

(२४) जर्दा ४ औंससम्म।

(२५) शरीरमा लगाएको मुगा १० तोलासम्म (तिब्बतबाट आउनेको लागि)।

३. माथि दफा २ मा उल्लेख गरिएका मालवस्तुका अतिरिक्त कुनै यात्रीले परिवर्त्य विदेशी मुद्राको आधिकारिक स्रोत भई देहायका मालवस्तुहरू देहायका परिमाणमा नबढाई ल्याएमा रू. १,०००।– सम्मको मूल्यमा भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपमा छूट हुनेछ। उक्त बमोजिम पैठारी गरेको सामान रू. १,०००।– भन्दा बढी मूल्यको भएमा त्यस्तो बढी मूल्यमा प्रचलित कानूनबमोजिम भन्सार महशूल तथा बिक्रीकर लाग्नेछ ।

तर यो सुविधा उपभोग गर्न विदेशमा कम्तीमा ७ रात बिताएको हुनु पर्नेछ र उक्त सुविधा वर्षको दुई पटक भन्दा बढी पाउने छैन।

(१) कपडा सबै प्रकारका मिटर १० सम्म ।

(२) साडी ४ गोटासम्म ।

(३) ऊन २ पौण्डसम्म।

(४) जुत्ता ४ जोरसम्म ।

(५) टोपी, टोप, मोजा, पंजा, स्वेटर, तन्ना, रूमाल गोटा प्रत्येक ४।४ सम्म ।

(६) तयारी लुगाहरू १० जोरसम्म ।

(७) खेलौना रू. २००।– सम्म ।

(८) हाते लुगा सिउने मेशिन एक ।

(९) इस्त्री एक ।

(१०) क्यालकुलेटर एक ।

(११) पोर्टेवल टाइपराइटर एक ।

45



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) पंखा एक ।
(१३) हिटर एक ।
(१४) रेडियो ट्रान्जिष्टर वा क्यासेट प्लेयर छुट्टै वा संयुक्त एक ।
(१५) फ्रिज एक ।
(१६) भ्याकुम क्लिनर एक ।
(१७) कुकिङ्ग रेज एक ।
(१८) वासिङ्ग मेशिन एक ।
(१९) ड्रायर मेशिन एक ।
(२०) एयर कन्डिसनर एक ।
(२१) किचन इक्विपमेण्टहरू (रू. ८,००।–) सम्म ।
(२२) क्ककरिज र कटलरिज (रू. ८००।–) सम्म ।
(२३) कस्मेटिक्स (रू. ८००।–) सम्म ।
(२४) मोटर पार्टस् (रू. ८००।–) सम्म मूल्यको ।
(२५) अन्य घरायसी प्रयोगका सामान्य वस्तुहरू रू. ८००।– सम्मको ।

४. जफत हुने मालसामानहरूः

कुनै यात्रीले यस सूचनामा उल्लेखित सामानहरू तोकिएको हदभन्दा बढी ल्याएमा वा भन्सार छल्ने नियतले लुकाई छिपाई ल्याएमा वा मनाही भएको सामानहरू ल्याएमा त्यस्ता सामानहरू जफत गरी कानूनबमोजिम हुनेछ ।

५. विदेशी मुद्राको आधिकारिक स्रोत भएका विदेशबाट फर्कका नेपाली नागरिकहरूका लागि दिइने सुविधाः

कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संस्था वा विदेशमा एक वर्षभन्दा बढी बसी काम गरी फर्केका र विदेशमा अध्ययन, तालीम, निरीक्षण भ्रमण, सेमिनार वा सम्मेलनमा भाग लिई फर्केका नेपाली यात्रीहरूलाई विदेशी मुद्राको आधिकारिक स्रोत भएमा दफा ३ बमोजिम पाउने रू.१,०००।– सम्मको मालको मूल्यमा भन्सार महशूल र बिक्रीकर छूटको अतिरिक्त दफा ३ मा उल्लेखित सामानको परिमाण भन्दा बढी र अन्य सामान पैठारी गरेमा आयात इजाजतपत्र प्राप्त गरी पैठारी गर्न सक्नेछ, यसरी पैठारी गरेको सामानमा निम्नबमोजिमको सुविधा दिइनेछ ।

तर यो सुविधा भारतबाट फर्केका नेपाली नागरिकहरूलाई (कूटनीतिक नियोगमा काम गर्ने पदाधिकारी र कर्मचारीहरू बाहेक) दिइने छैन ।

40



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) १ वर्षभन्दा बढी विदेशमा बिताई फर्केका नेपाली नागरिकले पैठारी गर्ने मालवस्तुमा लाग्ने महशूलमध्ये भन्सार महशूल र बिक्रीकर गरी रू. ४,२००।– को छूट दिइनेछ ।

(२) ३ महिनाभन्दा बढी १ वर्षसम्म विदेशमा बिताई फर्केका नेपाली नागरिकले पैठारी गर्ने मालवस्तुमा लाग्ने महशूलमध्ये भन्सार महशूल र बिक्रीकर गरी रू. २,८००।– छूट दिइनेछ ।

(३) १ महिनाभन्दा बढी समय विदेशमा बिताई फर्केका नेपाली नागरिकहरूले पैठारी गर्ने मालवस्तुमा लाग्ने भन्सार महशूल र बिक्रीकर गरी रू. १,४००।– छूट दिइनेछ ।

(४) उपदफा (१),(२) र (३) का सुविधाहरू एक आर्थिक वर्षमा एक पटक वा बढीमा ३ पटक गरी जम्मा रू. ४,२००।– मात्र दिइनेछ ।

(५) १६ वर्षभन्दा कम उमेरका नेपाली नागरिक विदेशमा बसी फर्की आएमा दफा २,३ र दफा ५ को उपदफा (१), (२) र (३) मा पाउने सुविधा ५० प्रतिशत मात्र पाउनेछ ।

(६) विदेशमा काम गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गरेको आधिकारिक प्रमाण भएमा नेपाली नागरिकहरूले भन्सार महशूल तथा बिक्रीकर तिरी आफ्नो साथमा २५ तोला वा परिवर्त्य विदेशी मुद्रा आर्जनको ४० प्रतिशतबाट हुन आउने परिमाणमध्ये जुन घटी हुन्छ सो परिमाणसम्म सुन ल्याउन पाउनेछ ।

तर यात्रीले आफ आउनुभन्दा अघि वा पछि अनएकम्पनिड गरी सुन ल्याउन पाउने छैन ।

६. विदेशी पर्यटकहरूको लागिः

पासपोर्ट लिई आउने जाने विदेशी पर्यटकहरूका लागि निम्नबमोजिम सुविधा दिइएको छ ।

(१) पछि फिर्ता जाने शर्तमा छाडिनेः

(क) चलन चल्तीमा ल्याएको बाइनाकुलर (दुरवीन) गोटा एक ।

(ख) चलन चल्तीमा ल्याएको मुवी क्यामरा वा भिडियो क्यामरा (सोको डेक सहित) गोटा एक, क्यामरा गोटा एक ।

(ग) रेडियोग्राम एक, रेकर्ड प्लेयर एक, रेडियो वा टु इन वन, थ्री इन वन एक ।

(घ) चलन चल्तीको टेपरिकर्ड एक र टेप रिल वा टेप क्यासेट १५।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) चलन चल्तीका रेकर्ड गोटा दश ।

(च) चलन चल्तीमा ल्याएका लुगाफाटाहरू बरबिछ्यौना कसन, तसन, धर गृहस्थीका पुरानो वस्तुहरू गैह्र (तर मोटरसाइकल, साइकल यस्तै सवारीका साधनहरू र खरखजानामा महशूल लाग्ने छ) ।

(छ) पेराम्बुलेटर गोटा एक, ट्राइसाइकल एक ।

(ज) चलन चल्तीमा ल्याएका फाउण्टेनपेन एक डटपेन वा सीसाकलम सहितको सेट एक ।

(झ) चलन चल्तीमा ल्याएको घडी एक ।

(ञ) जुनसुकै पेशामा लागेको व्यक्ति भए पनि सोसम्बन्धी कामको सामान जस्तैः–

(अ) कर्मीले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको ज्यावल बढीमा १ सेट ।

(आ) डाक्टरको काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञ-को लागि चलन चल्तीमा ल्याएका आवश्यकीय सामानहरू ।

(इ) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (बृफकेश टाइप) ।

(ई) गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

(उ) खेलाडीको खेलको सामान ।

(ऊ) माछा मार्ने रड ।

(ट) विशेष काम वा परिस्थिति अनुसार भन्सार प्रमुखले औचित्य ठहराए-को अन्य सामान ।

(२) खपत हुने माल सामानः

(१) रक्सी बोतल एक १.१५ लिटरसम्मको वा बियर १२ क्यानसम्म ।

(२) चुरोट २०० खिल्ली, सिगार ५० खिल्ली, टोबाको २५० ग्रामसम्म ।

(३) क्यामराको फिल्म १५ गोटा र मुवी फिल्म १२ रिल ।

(४) औषधी रू. ५००। सम्म ।

(५) खाने कुराहरू टीन प्याक समेत रू. १,०००।– सम्मको ।

(६) ताजा फलफूल रू. ५००।– सम्मको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) विदेशी पर्यटकले नेपाल अधिराज्यबाट लैजान सक्ने सौगातको हकमा निजले नेपाल अधिराज्यमा विदेशी मुद्रा सटहीसम्बन्धी कारोबार गर्ने चेक वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसंग विदेशी मुद्रा सटही गरेको प्रमाणिक हदसम्म नेपालमा उत्पादित माल सामान बिना इजाजतपत्र (निकासी वा बन्देज लागेका बाहेक) लैजान सक्नेछ ।

७. सिमाना ओहर-दोहर गर्ने व्यक्तिको लागिः

सिमानामा ओहोर-दोहोर गर्ने व्यक्तिहरूलाई माथि दफा-दफाहरूमा उल्लेख भएको कुनै सुविधाहरू दिइने छैन । तर रू. ५०।– सम्म मोल पर्ने निजी प्रयोगका मालसामान ल्याएमा भन्सारले औचित्य हेरी महशूल नलिई छोड्न सक्नेछ ।

८. विदेशमा मृत्यु भएका नेपाली नागरिकहरूको निजी प्रयोगका सामानहरूको सम्बन्धमा कोही नेपाली नागरिकको विदेशको बसाइमा मृत्यु भएको रहेछ भने प्रमाणित भए निज र निजको परिवारको निजी प्रयोगका पुराना सबै सामानहरू स्वदेश फिर्ता ल्याउँदा त्यस्ता सामानमा कुनै भन्सार महशूल र बिक्रीकर लाग्ने छैन।

९. क्र्यू मेम्बरहरूको सम्बन्धमाः

आफ्नो तोकिएको काममा गएका हवाई कर्मचारीहरू (क्र्यू मेम्बर) लाई हरेक पटक बाहिर गएबापत दैनिक पाउने भत्ताको ४० प्रतिशतसम्मको दफा २ र ३ बमोजिमको सामानमा भन्सार बिक्रीकर लाग्ने छैन । तर तेस्रो पटकदेखि दफा ३ बमोजिमको सामान नियमानुसार लाग्ने भन्सार महशूल तथा बिक्रीकर छूट हुने छैन ।

१०. श्री ५ को सरकारले तोकेको काममा गएका व्यक्तिहरूलाई एक वर्षमा तेस्रो पटक-देखि हरेक पटक बाहिर गएबापत दफा ३ बमोजिमको सामान ल्याएमा भन्सार महशूल रू. ८५०।– र बिक्रीकर रू. १५०।– छूट दिइनेछ ।

११. बन्देजः

(१) यो सूचना अनुसार अनएकम्पनिड गरी ल्याउने माल सामान यात्रीले आफू पुगेका ठाउँबाट चलान गरेको हुनुपर्दछ । अन्यथा यसमा उल्लेखित सुविधाहरू प्राप्त हुने छैन ।

(२) अनएकम्पनिड गरी आउने आफ्नो सामानको विवरणमा तथा नेपाल आई पुग्ने सम्भाव्य मिति समेत खुलाई यात्रीले नेपाल प्रवेश गर्दाको अवस्थामानै घोषणा गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ५ बमोजिमको सुविधा प्राप्त गर्नका लागि नेपाली नागरिकले विदेशमा बसी आर्जन गरेको विदेशी मुद्राको आधिकारिक प्रमाण पेश गर्नु पर्नेछ ।

खण्ड ३४ मिति २०४१।५।५ अतिरिक्ताङ्क २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना र त्यसमा समय-समयमा भएका संशोधनहरू खारेज गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार